# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) वीरेन्द्रनगर, सुर्खेत, असार ३१ गते, २०८३ साल (अतिरिक्ताङ्क ४

## भाग-१

### कर्णाली प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०८३ सालको ऐन नं.: ०२**

**कर्णाली प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावना:** कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, राजस्व सङ्कलन गर्न, कर घटाउन, बढाउन, छुट दिन तथा राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "कर्णाली प्रदेश आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन विक्रम सम्वत् २०८३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "घरजग्गा रजिस्ट्रेसन शुल्क" भन्नाले घर, जग्गा वा घरजग्गाको कारोबारसँग सम्बन्धित रजिस्ट्रेसन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर सम्झनुपर्छ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनुपर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम कार्यक्षेत्र तोकिएको मन्त्रालय सम्झनुपर्छ।

(च) "सवारी साधन" भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनुपर्छ।

(छ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

३. **<u>घरजग्गा रजिस्ट्रेसन शुल्कः</u>** (१) कर्णाली प्रदेशभित्र घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा रजिस्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाईने र असुल गरिनेछ। यस्तो

शुल्क तथा दस्तुर रजिस्ट्रेसन गर्दाको बखत स्वामित्व प्राप्त गर्ने व्यक्तिले बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क तथा दस्तुर घर, जग्गा वा घरजग्गा रहेको सम्बन्धित स्थानीय तहले सङ्कलन गरी बाँडफाँट गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको शुल्क तथा दस्तुर सङ्कलन गर्न स्थानीय तहमा स्रोत, साधन, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालयले सङ्कलन गर्नेछ।

(४) उपदफा (३) बमोजिम सङ्कलन भएको शुल्क तथा दस्तुरमध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा बाँडफाँट गरी दाखिला गर्नुपर्नेछ र सोको विवरण महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) घरजग्गा रजिस्ट्रेसन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकममध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ।

(६) घरजग्गा रजिस्ट्रेसन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुँजीगत लाभकर असुल गरी नेपाल सरकारको राजस्व खातामा दाखिला गर्नुपर्नेछ।

(७) यस दफामा लेखिएको विषयमा यसै बमोजिम र नलेखिएका विषयमा भूमि प्रशासन निर्देशिका, २०८१ वा प्रचलित भूमि प्रशासन सम्बन्धी अन्य संघीय कानूनबमोजिम हुनेछ।

४. **<u>सवारी साधन कर:</u>** (१) प्रदेशभित्र दर्ता हुने र दर्ता भई प्रयोगमा रहेका सवारी साधनमा अनुसूची-२ बमोजिम प्रदेश सरकारले सवारी साधन कर लगाई असुल गर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(२) उपदफा (१) बमोजिम सङ्कलन भएको सवारी साधन कर बापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी जम्मा भएको कुल रकम मध्ये प्रदेश लेखा नियन्त्रक कार्यालयले साठी प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोष र चालिस प्रतिशतले हुन आउने रकम स्थानीय विभाज्य कोषमा दाखिला गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सुत्र बमोजिम स्थानीय तहलाई बाँडफाँट गरी मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ र सोको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिको सवारी साधनलाई समान दर कायम हुने गरी लगाईनेछ।

(४) सवारी साधन धनीले आफ्नो स्थायी ठेगाना वा बसाइँसराइ गरेको स्थान, रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थानमा रहेको प्रदेशको यातायात व्यवस्था कार्यालय वा यातायात व्यवस्था सेवा कार्यालयमा कानूनबमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ।

५. **सवारी चालक अनुमति-पत्र, सवारी दर्ता किताब (ब्लू बुक) दस्तुर र ट्राफिक जरिवाना लगायत अन्य दस्तुर:** (१) कर्णाली प्रदेशभित्र सवारी चालक अनुमतिपत्रको इजाजत दस्तुर, दरखास्त दस्तुर, नवीकरण दस्तुर, जरिवाना, पुन: प्रयोगात्मक (रि-ट्रायल) परीक्षा दस्तुर, सवारीको दर्ता किताब दस्तुर, सवारीको जाँचपास दस्तुर तथा सोको नवीकरण दस्तुर र यातायातसँग सम्बन्धित अन्य दस्तुर अनुसूची-२ बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर प्रदेश सरकारबाट तोकिएको कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०८१, प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८३ तथा प्रचलित कानून विपरितका कार्य गरी ट्राफिक नियम उल्लङ्घन गरे बापत ट्राफिक प्रहरीले प्रदेशभित्र असुल गरेको दण्ड जरिवाना रकम प्रदेश सरकारले नेपाल सरकारसँग समन्वय गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गर्नेछ।

६. <u>**मनोरञ्जन कर:**</u> (१) प्रदेशभित्र सञ्चालन हुने मनोरञ्जनजन्य क्रियाकलापमा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम र अन्यमा मनोरञ्जन स्थल प्रवेश तथा सोभित्रका आन्तरिक मनोरञ्जनात्मक क्रियाकलापका लागि खरिद गरिने टिकटको मूल्यमा लाग्नेछ।

(३) उपदफा (२) बमोजिमको मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलको सञ्चालकले कर उठाएको महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तहमा दाखिला गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र कर दाखिला नगरेमा सम्बन्धित स्थानीय तहले वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज सहित असुल उपर गर्नुपर्नेछ।

(५) यस दफाबमोजिम सङ्कलन भएको कर रकम स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नुपर्नेछ।

यसरी जम्मा गरेको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित लेखा ईकाई कार्यालयमा पठाउनु पर्नेछ।

(६) यस दफाबमोजिमको मनोरञ्जन करको सङ्कलन, नियमन, प्रशासन र असुल गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

७. **विज्ञापन करः** (१) प्रदेशभित्र विज्ञापन सामग्री राखे बापत सम्बन्धित स्थानीय तहले विज्ञापन कर लगाई असुल गर्नुपर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "विज्ञापन सामग्री" भन्नाले होर्डिङ्ग बोर्ड, साइन बोर्ड, ब्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, धातुको फ्रेम, नियोन, डिजिटल डिस्प्ले, भित्ते लेखन, तुल, खम्बा वा सवारी साधनमा राखिने सामग्री, पोष्टर तथा बेलुन जस्ता सामग्री र विद्युतीय माध्यमबाट गरिने विज्ञापन सम्झनुपर्छ।

(२) विज्ञापन सामग्री राख्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा स्थानीय तहले सार्वजनिक हित विपरित हुने वा सार्वजनिक नैतिकतामा खलल पर्ने नदेखिएमा विज्ञापन बापतको कर अग्रिम रुपमा लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय तहले अनुमति दिँदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, वातावरणीय स्वच्छता एवम् सौन्दर्यता, सार्वजनिक यातायातमा पर्न सक्ने असर, सामग्रीको भाषिक शुद्धता, शालीनता, नैतिकता र आकार जस्ता विषयमा आवश्यक सर्त तोक्न सक्नेछ।

(५) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि सम्बन्धित स्थानीय तहले त्यस्तो निकायको सहमति लिनु पर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश

(६) सरकारी जग्गामा अनुमति नलिई राखिएका विज्ञापन सामग्री स्थानीय तहले हटाई सम्बन्धित विज्ञापन कर्तालाई जरिवाना गर्न सक्नेछ।

(७) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छुट वा मिनाहा हुने छैन।

(८) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सार्वजनिक हितको लागि राखेका विज्ञापनमा कर लाग्ने छैन।

(९) यस दफाबमोजिम विज्ञापन करबाट उठेको रकम स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नुपर्नेछ। यसरी जम्मा गरेको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ।

(१०) विज्ञापन कर असुली सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारबाट जारी भएको प्रचलित विज्ञापन (नियमन गर्ने) ऐन, नियमावली र सम्बन्धित स्थानीय तहको कानूनबमोजिम हुनेछ।

८. **कृषि आयमा कर:** (१) कृषि आयमा स्वःघोषणाको आधारमा अनुसूची-४ बमोजिम कर लगाईने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कृषि आयमा लाग्ने करको नियमन सङ्कलन तथा प्रदेश सञ्चित कोषमा दखिला गर्ने गराउने जिम्मेवारी जिल्लास्थित कृषि विकास कार्यालयको हुनेछ र सोको अनुगमन तथा सहजीकरण गर्ने जिम्मेवारी प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने विषयगत मन्त्रालयको हुनेछ।

(३) उपदफा (१) मा उल्लिखित व्यवस्थाको कार्यान्वयनको लागि कृषि क्षेत्र हेर्ने विषयगत मन्त्रालयले आवश्यक कानून बनाउनु पर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

९. **कृषि सेवा शुल्क:** (१) प्रदेशले आफ्नो क्षेत्रभित्र कृषि सेवा उपलब्ध गराए बापत अनुसूची-५ बमोजिम कृषि सेवा शुल्क लिनेछ।

(२) कृषि सेवा प्रदान गर्ने प्रदेश सरकारका कार्यालयले उपदफा (१) बमोजिमको कृषि सेवा शुल्क सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

१०. **पर्यटन शुल्क:**(१) नेपाल सरकार र प्रदेश सरकार वा प्रदेश सरकार र स्थानीय तह वा तीन तहको सह-लगानीमा निर्माण भई सञ्चालनमा रहेका पर्यटकीय स्थल तथा क्रियाकलाप र पर्यापर्यटनमा अनुसूची-६ बमोजिम पर्यटन शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्कको नियमन र प्रशासन सम्बन्धित स्थानीय तहले गर्नेछ।

(३) उपदफा (१) बमोजिम सङ्कलन भएको शुल्क स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नुपर्नेछ। यसरी जम्मा गरेको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ।

(४) प्रदेश सरकारको पूर्ण लगानीमा निर्माण भएका पर्यटन क्षेत्र, वनक्षेत्र भित्रका पर्यटन स्थल, पदमार्ग, भ्यूटावर, पार्क, वनभोज स्थल, पुरातात्विक र ऐतिहासिक स्थल, धार्मिक तथा साँस्कृतिक स्थल, तालतलैया, पोखरी तथा संग्रहालयमा अनुसूची-६ बमोजिमको पर्यटकीय शुल्क सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

तर प्रदेशभित्रका सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन तथा व्यवस्थापन गरेका सामुदायिक वन क्षेत्रभित्र रहेका पर्यटकीय स्थल तथा क्रियाकलाप र पर्यापर्यटनबाट प्राप्त शुल्कको चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम पर्यटन शुल्कको प्रशासन र नियमन तथा पर्यटकीय क्षेत्रको व्यवस्थापन गर्ने जिम्मेवारी विषयगत मन्त्रालयको हुनेछ।

११. **<u>प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्री शुल्कः</u>** (१) प्रदेशभित्र ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, खरिढुङ्गा, अभ्रख, चुनढुङ्गा, ग्राभेल, माटो र दहत्तर बहत्तरको सङ्कलन तथा बिक्रीमा अनुसूची-७ बमोजिम शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क सङ्कलन गर्ने सम्बन्धित स्थानीय तहले प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्नेछ।

(३) यस दफाबमोजिम ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख माटो तथा दहत्तर बहत्तरको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री वितरण गर्दा प्रचलित कानून पालना भए नभएको अनुगमन तथा नियमन गर्ने र कानूनको उल्लङ्घन गरेको पाइएमा दण्ड जरिवाना लगायत कानूनी कारवाही अगाडी बढाउने अधिकार ढुङ्गा गिट्टि बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ बमोजिमको 'नदिजन्य तथा खनिजजन्य पदार्थ जिल्ला अनुगमन समिति' र सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) प्रचलित कानूनको उल्लङ्घन हुने गरी प्राकृतिक स्रोत उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री गरेमा अनुसूची-८ बमोजिमको जरिवाना लाग्नेछ।

(५) यस दफाबमोजिमको शुल्क र जरिवाना सङ्कलन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(६) उपदफा (५) बमोजिम सङ्कलन गरेको शुल्क तथा जरिवाना सम्बन्धित स्थानीय तहले स्थानीय विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ। यसरी दाखिला भएको रकमको साठी प्रतिशत सम्बन्धित

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

स्थानीय तहको सञ्चित कोषमा र चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

१२. **वन पैदावार तथा वन क्षेत्रको नदीजन्य पदार्थको शुल्क बाँडफाँट सम्बन्धी विशेष व्यवस्था:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएका प्रदेशका सामुदायिक वन उपभोक्ता समूहहरूको वन क्षेत्रबाट कार्य योजना बमोजिम सङ्कलन भई बिक्री वितरण हुने वन पैदावारको बिक्रीबाट उपभोक्ता समूहको कोषमा प्राप्त हुने आम्दानीको पन्ध्र प्रतिशतका दरले सेवा शुल्क बापतको रकम सामुदायिक वन उपभोक्ता समूहले सम्बन्धित डिभिजन वन कार्यालयको समन्वयमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(२) प्रदेश सरकारद्वारा व्यवस्थित वन क्षेत्रबाट पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना बमोजिम सङ्कलन भई बिक्री वितरण हुने वन पैदावारमा प्रचलित प्रदेश कानूनमा तोकिएको मूल्यदर बमोजिमको रकम डिभिजन वन कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) राष्ट्रिय वन क्षेत्रमध्ये प्रदेशका सामुदायिक वन क्षेत्रभित्र रहेका खोलाखोल्सीको व्यवस्थापन गर्दा प्रचलित कानूनबमोजिम उत्पादन तथा सङ्कलन हुने नदीजन्य पदार्थको बिक्री वितरणका लागि विषयगत मन्त्रालयले बनाएको कार्यविधिअनुसार सम्बन्धित डिभिजन वन कार्यालयले सङ्कलन तथा बिक्री वितरण गर्नुपर्नेछ। यस्तो बिक्रीबाट प्राप्त हुने शुल्कमध्ये दश प्रतिशतले हुन आउने रकम सम्बन्धित डिभिजन वन कार्यालयले सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको खातामा जम्मा गर्नुपर्नेछ र बाँकी रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये चालिस प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र साठी प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(५) राष्ट्रिय वन क्षेत्र बाहेकका सार्वजनिक निकाय वा स्थलमा रहेका रुख बिरुवाहरु व्यवस्थापन गर्दा प्राप्त आम्दानी सम्बन्धित डिभिजन वन कार्यालयले प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

(६) उपदफा (१), (२),(३) र(५) बमोजिम सङ्कलन तथा बाँडफाँट भएको शुल्कको एकीकृत विवरण सम्बन्धित डिभिजन वन कार्यालयले तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा मासिक रुपमा पठाउनु पर्नेछ।

१३. **वातावरण संरक्षण शुल्कः** (१) प्रदेशभित्र ईट्टा, कंक्रिट ब्लक उत्पादन गर्ने उद्योगलाई उत्पादित प्रति हजार वटाको रू. १०० का दरले वातावरण संरक्षण शुल्क लगाई असुल गरिनेछ।

(२) नदीजन्य पदार्थ प्रशोधन गरी ढुङ्गा, गिटी, बालुवा, धुलो, ग्राभेल उत्पादन गर्ने ठूला, मझौला र साना उद्योगका लागि क्रमशः वार्षिक रू.७५ हजार, रू.५० हजार र रू.२५ हजार वातावरण संरक्षण शुल्क लाग्नेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क स्वघोषणाको आधारमा त्रैमासिक रुपमा र उपदफा (२) बमोजिमको शुल्क प्रथम त्रैमासिक भित्रमा उद्योग रहेको जिल्लास्थित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय वा कार्यालयमा दाखिला गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम भए नभएको सम्बन्धमा सम्बन्धित उपभोक्ता हित संरक्षण निर्देशनालय तथा कार्यालयले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ।

(५) प्रदेशभित्र प्लाष्टिकजन्य सामग्री उत्पादन गर्ने उद्योगमा अनुसूची-९ बमोजिम शुल्क लाग्ने छ। उक्त शुल्कको नियमन, सङ्कलन तथा व्यवस्थापनको कार्य उद्योग हेर्ने सम्बन्धित विषयगत मन्त्रालयले गर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

१४. **<u>निर्माण सामग्रीको प्रयोगशाला परीक्षण शुल्कः</u>** (१) निर्माण सामग्रीको प्रयोगशाला परीक्षण बापत अनुसूची-१० बमोजिम प्रयोगशाला परीक्षण शुल्क लिईनेछ।

(२) उपदफा (१) बमोजिम उठाउने शुल्क सम्बन्धित निकायले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

१५. **<u>खानेपानी गुणस्तर परीक्षण सेवा शुल्कः</u>** (१) खानेपानी गुणस्तर परीक्षण बापत अनुसूची-११ बमोजिम खानेपानी गुणस्तर परीक्षण सेवा शुल्क लिईनेछ।

(२) उपदफा (१) बमोजिम उठाउने शुल्क सम्बन्धित निकायले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

१६. **<u>जनस्वास्थ्य प्रयोगशाला सेवा शुल्कः</u>** (१) प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट प्रदान गरिने सेवामा अनुसूची-१२ बमोजिम सेवा शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा शुल्क प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

१७. **<u>आवेदन शुल्कः</u>** प्रदेश सरकार र मातहतका निकायमा सूचना प्रकाशन गरी जनशक्ति सेवा करारमा लिँदा सम्बन्धित तह वा पदको लागि प्रदेश लोकसेवा आयोगले तोकेको दरखास्त दस्तुर सरह आवेदन शुल्क लिईनेछ।

१८. **<u>सेवा शुल्कः</u>** (१) प्रदेश सरकारबाट नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीलाई अनुदान भुक्तानी गर्दा भुक्तानी रकमको एक प्रतिशतले हुन आउने रकम अग्रिम रुपमा सेवा शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा शुल्क भुक्तानी गर्ने निकायले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

१९. **<u>सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकमः</u>** टुटेफुटेका मेसिनरी सामान, सवारी साधन, पुराना मालसामान, कसुरजन्य सम्पत्ति लगायतका सरकारी सम्पत्तिको लिलाम तथा बिक्रीबाट प्राप्त हुने रकम सम्बन्धित निकायले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

२०. **<u>राजस्व सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) कर तथा शुल्क उठाउने विषयगत कानून तर्जुमा नहुँदासम्म प्रदेश सरकारका मन्त्रालय वा निकायले प्रदान गर्ने सेवा बापत मन्त्रालयको सहमति लिई सेवाको प्रकृति अनुसार कार्यविधि बनाई सेवा शुल्क लगाउन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सङ्कलन भएको सेवा शुल्क सम्बन्धित मन्त्रालय वा निकायले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

२१. **<u>करको दर घटाउन, बढाउन वा छुट दिन सकिनेः</u>** (१) प्रचलित प्रदेश कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानूनबमोजिम लगाईएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ। त्यसरी दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण मन्त्रालयले प्रदेश सभामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क र कर रकम असुलउपर गरी सो रकम बराबर जरिवाना असुल गरिनेछ।

२२. **<u>विविधः</u>** (१) यस ऐनबमोजिम स्थानीय तहबाट सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क तथा प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्री बापतको रकम बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा दाखिला नगरेमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहलाई दिइने वित्तीय समानीकरण अनुदानको रकमबाट कट्टा गरी समायोजन गर्न सक्नेछ।

(२) प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८ र प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ बमोजिम दर्ता भई तोकिएको अवधिभित्र समेत नवीकरण नभएका जतिसुकै अवधि कटेका निजी फर्म तथा प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ को दफा २५ को उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण नभएका जतिसुकै अवधि कटेका साझेदारी फर्मको धनीले आर्थिक वर्ष २०८३/८४ भित्र नवीकरणका लागि निवेदन दिएमा दर्ता गर्ने निकायले तोकिएको दर्ता दस्तुरको पाँच गुणा दस्तुर लिई त्यस्ता फर्मको नवीकरण गरिदिनु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्षको बीचमा प्रदेश सरकारबाट सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई नयाँ कार्यालयको स्थापना भएमा वा मौजुदा कार्यालय एक आपसमा गाभिएमा राजस्व सङ्कलन, नियमन तथा प्रशासन साबिकको कार्य जिम्मेवारी हस्तान्तरण हुने निकायबाट हुनेछ।

२३. **<u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, कार्यविधि तथा मापदण्ड पौष मसान्तसम्म स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशित गर्नुपर्नेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**घरजग्गा रजिस्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर**

**क. घरजग्गा रजिस्ट्रेसन शुल्क :**

| सि. नं. | लिखतको प्रकार | रजिस्ट्रेसन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| १. | राजीनामा, सट्टापट्टा, छोडपत्र, दर्ताफारी र सगोलनामा लिखतको थैली अङ्कमा | | |
| | (क) राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखत | ५% | २.५% |
| | (ख) सामूहिक आवास योजनाअन्तर्गत निर्मित भवन आवास (फ्ल्याट) इकाईको लिखत | २% | १% |
| | (ग) सामूहिक आवास योजनाअन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखत | ४% | २% |
| | छोडपत्र र दर्ताफारी | | |
| | (अ) तीन पुस्ताभित्र | बकस पत्र सरह | |
| | (आ) तीन पुस्ताबाहिर | राजीनामा सरह | |
| २. | हालैदेखिको बकसपत्र र दानपत्र लिखतको थैली अङ्कमा | | |
| | (अ) तीन पुस्ताभित्र | | |
| | (क) रू.१ लाख रुपैयाँसम्म | १.५% | १% |

| सि. नं. | लिखतको प्रकार | रजिस्ट्रेसन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| | (ख) रू. १ लाख रुपैयाँभन्दा माथि १० लाख रुपैयाँसम्ममा | २.५ % | १.२५% |
| | (ग) रू. १० लाख रुपैयाँभन्दा माथि जतिसुकै भएमा | ३ % | १.५०% |
| | (आ) अन्य बकसपत्र र दानपत्र | १५% | १०% |
| | ***स्पष्टीकरण:*** सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकारका कार्यालय, स्थानीय तह तथा नेपाल सरकार तथा प्रदेश सरकारको गठन आदेशबाट गठित समिति, बोर्ड, प्रतिष्ठान, संस्थान, आयोग तथा आयोजना र प्रदेश सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क वा दस्तुर लाग्ने छैन। | | |
| ३. | **अंशबण्डा, अंश भरपाई र अंश छोडपत्रको लिखत थैली अङ्कमा** | | |
| | (क) ३० लाख रुपैयाँसम्म | ०.२% | ०.२% |
| | (ख) ३० लाख रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्म | ०.३% | ०.३% |
| | (ग) २ करोड रुपैयाँभन्दा माथि | ०.५% | ०.५% |
| | ***स्पष्टीकरण:*** अंश भरपाईको लिखत गर्दा भरपाई बापत दाखिल खारेज भई जाने घरजग्गा र सबै अंशियारका नाममा बाँकी रहेको सम्पूर्ण घरजग्गा समेतका आधारमा थैली अङ्क कायम गरी सोही आधारमा लाग्ने प्रतिशतको यकीन गरी दाखिल खारेज भई जाने घरजग्गाको मात्र रजिस्ट्रेसन शुल्क अशुल गर्नुपर्नेछ। | | |
| ४. | **मानो छुट्टिएको र मानो जोडिएको प्रति लिखत** | | |

| सि. नं. | लिखतको प्रकार | रजिस्ट्रेसन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| | (क) मानो छुट्टिएको | रू.१२,०००।- | रू.६,०००।- |
| | (ख) मानो जोडिएको | रू.१२,०००।- | रू.६,०००।- |
| ५. | **शेषपछिको बकसपत्र वा अष्टलोहको प्रति लिखत** | | |
| | (क) तीन पुस्ताभित्र | रू.५,०००।- | रू.३,०००। |
| | (ख) तीन पुस्ताबाहिर | रू.१२,०००।- | रू.६,०००।- |
| ६. | **बन्धकीको लिखत** | | |
| | व्यक्ति-व्यक्ति बीचमा भएको दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अङ्कमा | २% | १.५% |
| ७. | अचल सम्पत्ति फलोपभोग (युजफ्रुक्टी) प्रति लिखत | रू.२,०००।- | रू.१,०००।- |
| ८. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको प्रति लिखत | रू.२,०००।- | रू.२,०००।- |
| ९. | **गुठी दर्ता तथा गुठी नवीकरण प्रति मिसिल** | | |
| | (क) गुठी दर्ता | रू.५,०००।- | रू.३,०००।- |
| | (ख) गुठी नवीकरण | रू.३,०००।- | रू.२,०००।- |
| १०. | **अन्य लिखत थैली अङ्कमा** | | |
| | दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | २% | १% |
| | मासिक १ लाख रुपैयाँभन्दा बढीको घर बहाल लिनु दिनु गरेको लिखतको पहिलो महिनाको वहाल रकमको | ४% | ३% |

**११. बेजिल्ला वा बेइलाका लिखत पारित सम्बन्धी व्यवस्था**

| लिखतको प्रकार | रजिस्ट्रेसन दस्तुर | बेजिल्ला वा बेइलाकाको लिखत पारित बापतको थप शुल्क |
|---|---|---|
| क. अंशबण्डा तथा अंश भरपाई बाहेकका सबै प्रकारका लिखत | जग्गा भएको प्रदेश सरकारले तोकेको दरमा शुल्क वा दस्तुर असुल गरी दाखिल खारेज गर्ने क्षेत्राधिकार भएको मालपोत कार्यालयको खातामा शुल्क वा दस्तुर जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्ने। | प्रदेशभित्र वा प्रदेशबाहिरका जिल्लाको लिखत पारित गर्दा यस आर्थिक ऐनबमोजिम असुल भएको रजिस्ट्रेसन शुल्क वा सेवा शुल्क वा रोक्का दस्तुरको १० प्रतिशतले हुन आउने थप रकम लिखत पारित गर्ने मालपोत कार्यालयको खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्ने छ।<br>मालपोत कार्यालयले यो रकम प्रदेश सरकारले तोकेको खातामा एकमुष्ट रुपमा दाखिला गर्नुपर्नेछ। |
| ख. अंशबण्डा तथा अंश भरपाई र अंश छोडपत्रको लिखत | जग्गा भएको प्रदेश सरकारले तोकेको दरमा शुल्क वा दस्तुर असुल गरी दाखिल खारेज गर्ने क्षेत्राधिकार भएको मालपोत कार्यालयको खातामा शुल्क वा दस्तुर जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्ने। | नलाग्ने |

**ख. सेवा शुल्क :**

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क रू. | गाउँपालिका क्षेत्रको शुल्क रू. |
| १. | **लिखत रजिस्ट्रेसनको लागि डोर माग गर्ने लिखतमा डोर शुल्क** | ६,०००।- | ३,०००।- |
| | <u>**द्रष्टव्य:**</u> एकै व्यक्तिले एकै पटक एउटै डोरबाट एकभन्दा बढी लिखत रजिस्ट्रेसनका लागि माग गरेमा जति थप लिखत पास हुने हो प्रत्येक लिखतमा डोर शुल्क लाग्नेछ। | | |
| २. | **वित्तीय धितो सेवा शुल्क:** | | |
| | नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय संस्था र सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धकप्रति लिखतमा देहायको दरले धितो सेवा शुल्क लगाइनेछ। | | |

| विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक | |
|---|---|---|
| | नगरपालिका क्षेत्रको शुल्क रू. | गाउँपालिका क्षेत्रको शुल्क रू. |
| (क) एक लाख रुपैयाँसम्म | १,०००।- | १,०००।- |
| (ख) एक लाख रुपैयाँभन्दा बढी | १,५००।- | १,५००।- |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क रू. | गाउँपालिका क्षेत्रको शुल्क रू. |
| | पाँच लाख रुपैयाँसम्म | | |
| | (ग) पाँच लाख रुपैयाँभन्दा बढी दस लाख रुपैयाँसम्म | २,५००।- | २,५००।- |
| | (घ) दस लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | ५,०००।- | ५,०००।- |
| | (ङ) बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | १०,०००।- | १०,०००।- |
| | (च) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | २०,०००।- | २०,०००।- |
| | (छ) एक करोड रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्म | ३०,०००।- | ३०,०००।- |
| | (ज) दुई करोड रुपैयाँभन्दा बढी | ६५,०००।- | ६५,०००।- |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क रू. | गाउँपालिका क्षेत्रको शुल्क रू. |
| | पाँच करोड रुपैयाँसम्म | | |
| | (झ) पाँच करोडदेखि दश करोड रुपैयाँसम्म | १,००,०००।- | १,००,००० |
| | (ञ) दश करोडदेखि पच्चीस करोड रुपैयाँसम्म | १,५०,०००।- | १,५०,०००।- |
| | (ट) पच्चीस करोडभन्दा बढी जतिसुकै | २,००,०००।- | २,००,०००।- |
| ३. | **लिज** | | |
| | सरकारी जग्गा लिजमा उपलब्ध गराउँदा लाग्ने दस्तुर। | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ (पहिलो संशोधन २०८२ समेत) बमोजिमको दस्तुर लाग्नेछ। | |
| ४. | जग्गाधनी दर्ता स्रेस्ता तथा पुर्जाको प्रतिलिपिको लागि प्रति स्रेस्ता/पुर्जा | | |
| | क. जग्गाधनी दर्ता स्रेस्ता वा जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वापत (प्रति पुर्जा) | रू.५००।- | रू.३००।- |
| | ख. जग्गाधनी प्रमाण पूर्जाको पुरानो प्रति खिची नयाँ पुर्जा जारी गर्दा | रू.३००।- | रू.२००।- |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क रू. | गाउँपालिका क्षेत्रको शुल्क रू. |
| | **द्रष्टव्यः** पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रयोजन खोली सरोकारवालाले निवेदन गरेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४६ को उपदफा (३) प्रति पृष्ठमा दश रुपैयाँको हुलाक टिकट टाँस गर्न लगाई प्रतिलिपि प्रमाणित गरिदिनु पर्नेछ। तर कुनै सरकारी निकायले प्रमाणका लागि स्रेस्ता वा पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रमाणित प्रतिलिपि माग गर्दा प्रतिलिपि शुल्क लाग्ने छैन। | | |
| ५. | दाखिल खारेज शुल्क | | |
| | (क) अदालत वा अन्य न्यायिक निकायबाट करार लिखत अनुसार ठहर्‍याईएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ४% | २% |
| | **द्रष्टव्यः** यस खण्डबमोजिम दाखिल खारेज गर्दा मालपोत कार्यालयले साविकमा करारनामाको लिखत पारित गरेको र सो उपरमा अदालत वा अन्य न्यायिक निकायबाट फैसला वा मिलापत्र भएको हुनुपर्दछ। | | |
| | (ख) अदालत वा अन्य न्यायिक निकायबाट भएको अन्य फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा (अंश र अपुताली बाहेक) | ४% | २% |

<table>
<tr><th rowspan="2">सि. नं.</th><th rowspan="2">विवरण</th><th colspan="2">सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक</th></tr>
<tr><th>नगरपालिका क्षेत्रको शुल्क रू.</th><th>गाउँपालिका क्षेत्रको शुल्क रू.</th></tr>
<tr><td></td><td>(ग) अंश वा अपुताली सम्बन्धमा अदालत वा अन्य न्यायिक निकायबाट भएको फैसला वा मिलापत्र बमोजिमको दाखिल खारेज गर्दा</td><td colspan="2">अंशको हकमा अंशबण्डा सरह र अपुतालीको हकमा नामसारी सरह शुल्क लाग्नेछ।</td></tr>
<tr><td></td><td>(घ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिल खारेज गर्दा थैली अङ्कमा</td><td>४%</td><td>२%</td></tr>
<tr><td></td><td>(ङ) बैंक वा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी धितो जमानी दिने व्यक्तिको नामबाट बैंक वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिल खारेज गर्दा</td><td>३%</td><td>२%</td></tr>
</table>

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क रू. | गाउँपालिका क्षेत्रको शुल्क रू. |
| | प्रति मिसिलमा कायम थैली अङ्कमा | | |
| | (च) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित धितो जमानी दिने व्यक्ति वा निजको हकवालालाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २% | १% |
| | (छ) भूमि सुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा प्रति मिसिल | रू.१,०००।- | रू.५००।- |
| | (ज) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिला खारेज गर्दा प्रति मिसिल | रू.५,०००।- | रू.३,०००।- |
| | (झ) शेषपछिको बकसपत्रको दाखिल खारेज थैली अङ्कमा | | |
| | (अ) तीन पुस्ताभित्रको भए | अंशबण्डा सरह | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क रू. | गाउँपालिका क्षेत्रको शुल्क रू. |
| | (आ) तीन पुस्ताबाहिरको भए | राजीनामा सरह | |
| ६. | नामसारी प्रति मिसिल | | |
| | (क)तीन पुस्ताभित्रको | रू.२,५००।- | रू.१,५००।- |
| | (ख)तीन पुस्ताभन्दा बाहिरको | रू.६,०००।- | रू.४,०००।- |
| ७. | पुनः नापजाँचपछिको स्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रू.२,०००।- | रू.१,०००।- |
| ८. | स्रेस्ता पुर्जामा घर कायम तथा घर पाताल जनाउने प्रति मिसिल | | |
| | क. घर कायम | रू.२,५००।- | रू.१,०००।- |
| | ख. घर पाताल | रू.१,०००।- | रू. ५००।- |
| ९. | संशोधन दस्तुर — मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (३) बमोजिम विवरण संशोधन गर्दा प्रति मिसिल | रू.१,०००।- | रू.५००।- |
| १० | दर्ता हुन बाँकी जग्गाको दर्ता स्रेस्ता कायम | रू.५,०००।- | रू.३,०००।- |
| ११. | लिखत रजिस्ट्रेसन नहुनेमा (पत्रद्वारा हुने रोक्का) : | | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क रू. | गाउँपालिका क्षेत्रको शुल्क रू. |
| | (अ) एक लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रू.५००।- | रू.३००।- |
| | (आ) एक लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रू.१,०००।- | रू.५००।- |
| | (इ) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रू.२,०००।- | रू.१,०००।- |
| | (ई) दश लाख रुपैयाँभन्दा माथिको ऋण अङ्कमा | यस अनुसूचीको खण्ड (ख) सेवा शुल्कको बुँदा २ बमोजिम लिखत पारित गर्नुपर्नेछ र सोही बमोजिम सेवा शुल्क लाग्नेछ। | |

**ग. विविध :**

| सि.नं. | विवरण |
|---|---|
| १. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छीपालन, अलैंची खेती, जडीबुटी खेती एवम् फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। |
| २. | सामुहिक खेती योजनाअन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले एकभन्दा बढी व्यक्ति मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| सि.नं. | विवरण |
|---|---|
| | खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिस्ट्रेसन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। |
| ३. | सूर्ती, गुट्खा,पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरमा शतप्रतिशत छुट हुनेछ। |
| ४. | यस खण्डको सि.नं. १, २ र ३ बमोजिम सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको छुट दिने सम्बन्धी कार्यपालिकाको निर्णयको प्रतिलिपि र राजस्व छुट दिने सम्बन्धी मालपोत कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेश गर्नुपर्नेछ। यसरी छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरित प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा मालपोत कार्यालयले साविकमा छुट दिएको रजिस्ट्रेसन शुल्क वा दस्तुर असुल गरी सोही रकम बराबरको जरिवाना समेत गर्नुपर्नेछ। |
| ५. | (क) कृषि ऋण, बीमा संस्थान, नेपाल बीमा प्राधिकरणबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाले आफ्ना बहालवाला कर्मचारीलाई सेवा सर्त बमोजिम दिने ऋण सुविधाको धितोबन्धक लिखत पारित गर्दा रजिस्ट्रेसन दस्तुर छुट हुनेछ।<br>तर, सेवा शुल्क दुई हजार रुपैयाँ लाग्नेछ। |
| | (ख) कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्तालाई ऋण सुविधा उपलब्ध गराउने प्रयोजनका लागि धितोबन्धक लिखत पारित गर्दा रजिस्ट्रेसन दस्तुर छुट हुनेछ।<br>तर, सेवा शुल्क दुई हजार रुपैयाँ लाग्नेछ। |

| सि.नं. | विवरण |
|---|---|
| ६. | (क) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाले आफ्ना शेयर सदस्य बीच ऋण लगानी गर्दा तीन लाख रुपैयाँसम्मको थैली अङ्कमा रोक्का दस्तुर बाहेक सेवा शुल्क छुट हुनेछ। सोभन्दा माथिको थैली अङ्कमा खण्ड ख. सेवा शुल्कको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ। |
| | (ख) बैकिङ्ग वित्तीय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकाय एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाले सो प्रयोजनका लागि घरजग्गा एकीकृत गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर लाग्ने छैन। |
| ७. | विभिन्न समयमा भएका जनआन्दोलन र प्रदेश स्थापनाको आन्दोलनमा सहादत प्राप्त गरेका सहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐनबमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्ण रुपमा छुट हुनेछ।<br>तर, यो सुविधा प्राप्त गर्ने व्यक्तिले नेपाल सरकारले जारी गरेको परिचय पत्र वा स्वामित्व प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहबाट किटानी सिफारिस पत्र पेश गर्नुपर्नेछ। |
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएका जाति तथा अल्पसंख्यक, सिमान्तीकृत जाति भएको भनी लाभग्राहीको स्थायी ठेगाना भएको स्थानीय तहको सिफारिस वा आधिकारिक प्रमाणका आधारमा त्यस्ता व्यक्तिको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐनबमोजिम असुल गरिने घरजग्गा रजिस्ट्रेसन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। |
| ९. | (क) महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र माता तथा पिता बिहिन नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐनबमोजिम लगाइएको रजिस्ट्रेसन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ। यो |

| सि.नं. | विवरण |
|---|---|
| | सुविधा प्राप्त गर्ने व्यक्तिले नेपाल सरकारले जारी गरेको परिचय पत्र वा स्वामित्व प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहबाट किटानी सिफारिस पत्र पेश गर्नुपर्नेछ। |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो सगोलनामा लिखतमा दुई सय रुपैयाँ रजिस्ट्रेसन दस्तुर लाग्नेछ। |
| | (ग) तीन सय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरको लिखतमा पचास प्रतिशत छुट दिइनेछ।<br>तर, छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा मालपोत कार्यालयले साविकमा छुट दिएको रजिस्ट्रेसन शुल्क वा दस्तुर असुल गरी सोही रकम बराबरको जरिवाना समेत गर्नुपर्नेछ। |
| १०. | भूमिहीन, मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का शुल्क व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहको सिफारिसमा पूर्ण छुट हुनेछ। |
| ११. | प्रचलित कानूनबमोजिम दर्ता भएका सहकारी संघ/संस्थालाई आफ्नो कार्यालय भवन निर्माणको लागि हिमाल र पहाडी क्षेत्रमा दुई रोपनीसम्म र अन्य क्षेत्रमा तीन कठ्ठासम्म जग्गा खरिद गर्दा लाग्ने रजिस्ट्रेसन पूर्ण रुपमा छुट हुनेछ र त्यस्तो छुट सुविधा एक पटकका लागि मात्र प्रदान गरिनेछ। यसका लागि सहकारी संघ/संस्थाका नियामक निकायहरुमध्ये सहकारीको कार्यक्षेत्रको आधारमा स्थानीय |

| सि.नं. | विवरण |
|---|---|
| | तह वा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय वा सहकारी विभागको सिफारिस पत्र पेश गर्नुपर्नेछ।<br>तर, त्यस्ता सहकारी संस्थाले रजिस्ट्रेसन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा वा कुनै पनि किसिमबाट दाखिल खारेज भई गएमा साविकमा छुटका लागि सिफारिस गर्ने नियामक निकायको सिफारिसमा पहिले छुट दिएको रजिस्ट्रेसन शुल्क वा दस्तुर असुल उपर गरिनेछ। |
| १२. | यस अनुसूचीबमोजिम छुट दिँदा एकै व्यक्तिले एकभन्दा बढी आधारमा छुट पाउने अवस्था भएमा सबैभन्दा बढी कुनै एक छुट दिइनेछ। |
| १३. | एउटै कारोबारबाट दश लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्मको कारोबारमा बैंकिङ्ग उपकरण र सोभन्दा माथिको घर, जग्गा वा घरजग्गा खरिद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट, बैंक ग्यारेन्टी, इ-पेमेन्ट वा राष्ट्र बैंकको निर्देशिका बमोजिम) भनी छाप लागेको चेकको प्रतिलिपि वा बिक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको प्रतिलिपि पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ। |
| १४. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा पच्चीस प्रतिशत रजिस्ट्रेसन दस्तुर छुट दिइनेछ। |
| १५. | यस अनुसूचीबमोजिम हुने कामका लागि तीन पुस्ता भन्नाले बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, बहिनी, छोरा, छोरा-बुहारी, छोरी, छोरी-ज्वाइ, सासु, ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी-ज्वाइँ, नातिनीबुहारी, काका, काकी, मामा, माइजू, भान्जा, भान्जी, ठूलो बुवा, ठूलीआमा (बाबुतर्फका), आमाजू, नन्द, सौता-सौता, एकै दाजु भाइ दिदी-भाइको छोरा, बुहारी, छोरी, ज्वाइँ, फुपू, फूपा, भदा, भदै, भदा-बुहारी, भदैनी-ज्वाइँ बीच हुने कारोबारलाई जनाउँदछ। यो शब्दले |

| सि.नं. | विवरण |
|---|---|
| | धर्म सन्तानलाई आफ्नै सन्तान सरह मानी यसमा उल्लिखित नाता सम्बन्ध समेतलाई जनाउँदछ। |
| १६. | सङ्घीय सरकार अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिस्ट्रेसन वा दाखिल खारेज गर्नु पर्दा रजिस्ट्रेसन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा सङ्घीय सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिस्ट्रेसन वा दाखिल खारेज गर्नु पर्दा रजिस्ट्रेसन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। |
| १७. | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र सरकारी निकायलाई घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन गर्दा कुनै शुल्क लाग्ने छैन। |
| १८. | वैदेशिक रोजगारीबाट बैङ्किङ प्रणाली मार्फत विप्रेषण (रेमिट्यान्स) प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो विप्रेषणबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिस्ट्रेसन दस्तुर छुट दिइनेछ।<br>तर, एकासगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागू हुने छैन। |
| १९. | मालपोत कार्यालयबाट तत् समयमा लाग्ने दस्तुर वा सेवा बुझाई वा नबुझाई विगतमा पारित लिखत वा निर्णय भएका तर सो बमोजिम दाखिल खारेज भएको रहेनछ तर अब आएर दाखिल खारेजका लागि माग निवेदन परेमा चालू आर्थिक वर्षको जग्गाको न्यूनतम् मूल्याङ्कन भिडाई कायम हुने थैली अङ्कमा यस अनुसूचीबमोजिम दस्तुर वा सेवा शुल्क गणना गरी साविकमा असुल गरेको दस्तुर वा शुल्क नपुग हुने देखिएमा नपुग हुने रकम बराबरको दस्तुर वा शुल्क असुल उपर गरी दाखिला खारेज गर्नुपर्नेछ। |
| २०. | पहिले कारोबार भएको थैली अङ्क भन्दा कम मूल्याङ्कन कायम गरी लिखत पारित गर्न पाईने छैन। |

मुद्रण तथा प्रकाशन कर्णाली प्रदेश

| सि.नं. | विवरण |
|---|---|
| | ***स्पष्टीकरण:*** पहिले कारोबार भएको थैली अङ्क भन्नाले बन्धकी लिखतमा उल्लेख भएको थैली अङ्क बाहेकलाई जनाउनेछ। |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची-२

(दफा ४ को उपदफा (१) र दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**१. निजी सवारी साधनमा देहायबमोजिम सवारी साधन कर लाग्नेछः**

| सि.नं. | सवारीको किसिम | वार्षिक कर दर |
|---|---|---|
| १. | **कार, जिप, भ्यान र माइक्रो बस** | |
| | (क) १००० सी.सी. सम्म | रू.२१,०००।- |
| | (ख) १००० सी.सी. भन्दा माथि १५०० सी.सी. सम्म | रू.२३,०००।- |
| | (ग) १५०० सी.सी. भन्दा माथि २००० सी.सी. सम्म | रू.२६,०००।- |
| | (घ) २००० सी.सी. भन्दा माथि २५०० सी.सी. सम्म | रू.३५,०००।- |
| | (ङ) २५०० सी.सी. भन्दा माथि ३००० सी.सी. सम्म | रू.४०,०००।- |
| | (च) ३००० सी.सी. भन्दा माथि ३५०० सी.सी. सम्म | रू.५६,०००।- |
| | (छ) ३५०० सी.सी. भन्दा माथि सबै | रू.६२,०००।- |
| २. | **डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेसिनरी उपकरण र मिनीटिपर** | |
| | (क) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेसिनरी उपकरण | रू.४०,०००।- |
| | (ख) मिनी टिपर | रू.२८,०००।- |
| ३. | **थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर** | |
| | (क) थ्री ह्वीलर र टेम्पो | रू.५,०००।- |
| | (ख) पावर टिलर | रू.३,०००।- |
| | (ग) ट्रेक्टर | |
| | (अ) कृषि प्रयोजन | रू.४,०००।- |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

| सि.नं. | सवारीको किसिम | वार्षिक कर दर |
|---|---|---|
| | (आ) गैर कृषि प्रयोजन | रू.८,०००।- |
| ४. | मिनी ट्रक वा मिनी बस | रू.२३,०००।- |
| ५. | ट्रक वा बस | रू.३२,०००।- |
| ६. | **मोटरसाइकल तथा स्कुटर** | |
| | १२५ सी.सी. सम्म | रू.२,७००।- |
| | १२५ सी.सी. देखि १५० सी.सी. सम्म | रू.४,३००।- |
| | १५० सी.सी. देखि २५० सी. सी.सम्म | रू.५,५००।- |
| | २५० सी.सी. देखि ४०० सी.सी. सम्म | रू.१०,०००।- |
| | ४०० सी.सी. देखि ६५० सी.सी. सम्म | रू.१६,०००।- |
| | ६५० सी.सी. देखि माथि सबै | रू.२०,०००।- |
| ७. | **निजी विद्युतीय सवारी साधनमा** | |
| | ५०० वाटसम्म | रू.१,०००।- |
| | ५०० वाट भन्दा माथि १ किलोवाटसम्म | रू.१,५००।- |
